परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ३१ २०८० चैत ४ गते आईतवार Sunday 17, MAR 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## वीरेन्द्र सभागृहको ९५ प्रतिशत काम सम्पन्न, नयाँवर्षमा समुद्घाट, पछि ठेक्कामा

विराटनगर । कोशी प्रदेशको राजधानि विराटनगरमा रहेको वीरेन्द्र सभागृहको ९५ प्रतिशत काम सम्पन्नभएको छ ।

सभागृहको निर्माण कार्य चैत्र मसान्त सम्म सम्म सम्पन्न हुने गरी काम भईरहेको छ । निर्माण सम्पन्न पश्चात नयाँवर्ष २०८१ बैशाखमा सभागृहको समुद्घा-टन गर्ने विराटनगर महानगर पालिकाका प्रमुख नागेश कोइरालाले बताएका छन् ।

नेपालकै प्रमुख शहरहरु मध्ये विराटनगर पनि एक प्रमुख सहरको रुपमा चिनिन्छ । राजनीतिक र उद्योगीक क्षेत्रले चिनिएको विराटनगर क्षेत्रमा विकासको गति भने सुस्ताएको छ । विराटनगर भन्दापछि बनेका शहरहरुले विराटनगरलाई एतिबेला उछिनीसकेका छन् ।



धरोहरको रुपमा रहेको विराटनगरको वीरन्द्र सभागृह पुनरनिर्माण पछिको नयाँ स्वरुप

विराटनगरको धरोहर को रुपमा रहेको वीरन्द्र सभागृहलाई पुनरनिर्माण गरी नयाँ स्वरुप दिएपछि विराट नगरको रौनक पक्का बढ्ने छन् । पुन:निर्माणको सम्पन्न भएपछि सभागृहको समुद्घाटन गरी टेण्डर प्रक्रियावाट ठेक्कामा लगाउने विराटनगर महानगर पालिकाका प्रमुख नागेश कोइरालाको भनाईछ ।

दुई दशकदेखि खण्डर बन्दैगएको वीरेन्द्र सभागृह निवर्तमान मेयर भीम पराजुलीको अगुवाईमा पुन:निर्माणको काम अघि बढाएको थियो । तत्कालीन राजा वीरेन्द्रको पालामा स्थापना भएको सभागृह केहि

वांकी अन्तिम पेजमा...

## दलित महिलालाई केन्द्रित गरेर बजेट छुट्याउन माग

विराटनगर । दलित समुदायलाई उत्थान गर्न संविधानले जुन परिकल्पना गरिएको छ सोही अनुसार अगामी बजेटमा दलित महिलालाई केन्द्रीत गरेर स्थानीय सरकारलाई बजेट छुटयाउन माग गरेका छन् ।

अगामी आर्थिक वर्ष २०८१-०८२ को नीति कार्यक्रम तथा बजेटमा दलित महिलाको सवाललाई सम्बोधन गर्नका लागि मिडिया कर्मीहरुको भूमिका संम्बन्धमा शुक्रवार विराटनगरमा गरिएको अन्तरक्रिया कार्यक्रम सो माग गरेको हो ।

कार्यक्रममा समाजिक न्याय तथा बिकास प्रक्रियामा दलित महिलाको पहुँच अभिबृद्धीका लागि दलित महिलाहरुको भुमिका अति आवश्यक रहेको दलित अधिकार कर्मीहरुले बताएका छन् । दलित महिला र सिमाङकृत महिलाहरुको सबालमा स्थानीय सरकारले लगानी सहितको सिप मुलक तालिम दिएर अगाडी बढाउने खालको योजना निमार्ण गर्न मोरङका सञ्चारकर्मीहरुलाई आवाज उठाईदिन दलित अधिकार कर्मीहरुले आग्रह गरेका छन् ।

स्थानीय तहमा दलित महिला अगुवाहरुलाई आफ्ना अधिकारका विषयमा जागरुक गराउने उदेश्यले कार्यक्रमको आयोजना गरेको दलित महिला जिल्ला परियोजनाको संयोजक नरवहादुर आउजीले वताए । कार्यक्रममा दलित महिला जिल्ला परियोजनाको संयोजक नरवहादुर आउजी मोरङकी अध्यक्ष शर्मिला परियार दलित महिला महासंघ कोशी प्रदेशकी अध्यक्ष पाण्डु परियारलगायतले

वांकी अन्तिम पेजमा...

## उद्योग महासंघद्धार चार पत्रकार सम्मानित

**उषा सरदार**

विराटनगर । घरेलु तथा साना उद्योग महासंघको २५ औ साधारणसभा र १२ औ जिल्ला अधिबेशनबाट मकालु टेलिभिजन का सम्वाददाता पदमकुमार सरदार सहित चार पत्रकार सम्मानित भएका छन् ।

त्यसैगरी ब्लाष्ट दैनिकाका संवाददाता अनिल श्रेष्ठ, आवर विराटनगरका प्रेम देवान र हिम शिखर टेलिभिजनका संवाददाता राकेश कर्ण सम्मानित भएका छन् ।

साना उद्योगीहरुलाई सञ्चारको क्षेत्रबाट अगाडी बढाउन योगदान गरेकोले




उहाँहरुलाई सम्मान गरेको घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष चेतन निरौलाले वताए ।

कार्यक्रममा कोशी प्रदेशका उद्योग कृषि तथा सहकारी मन्त्री रामकुमार खत्रीले सम्मान गर्नुहुँदै साना उद्योगीहरुलाई माथी उठाउने काम प्रदेश सरकरले गरीरहेको हरेक किसिमको सहयोग गर्न तयार रहेको वताए ।

महासंघका अध्यक्ष निरौलाले तालिम प्राप्त जनशक्ति नपाएर साना उद्योगहरु अप्ठ्यारो अवस्थामा रहेको बताएका थिए । महासंघले सामाजिक क्षेत्रमा योगदान पुऱ्याए वापत पेरीस सुवेदी र ८७ पटक रक्तदान गरेर जीवन दाताको रुपमा उभिनुभएका लिला ढुंगेल सहित एक दर्जन भन्दा बढी असल साना उद्यमीहरु लाई सम्मान गेरेका थिए ।

सम्मानीत हुने सवैलाई उद्योग परिसंघका केन्द्रीय उपाध्यक्ष, भीम घिमिरे, समाजसेवी राजेन्द्र राउत लगायतले शुभकामना व्यक्त

वांकी अन्तिम पेजमा...


## अल्पमतमा परिसकेको सरकारलाई राजीनामा दिन आग्रह

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की नेतृत्वको सरकार अल्पमतमा परिसकेका भन्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशी प्रदेश संसदीय दलले राजीनामा दिन आग्रह गरेको छ ।

नेकपा (एमाले) दलको प्रमुख सचेतक रेवतीरमण भण्डारीले शुक्रवार पत्रकार सम्मेलन गरी आग्रह गरेको हो । कार्की नेतृत्वको सरकारले राजीनामा दिन आलटाल गरे आफूहरुले आवश्यक कदम चाल्ने चेतावनी समेत दिएको छ ।

राजीनामा नदिने हो भने सत्ता पक्ष अल्पमतमा देखिनेछ र विपक्षी बहुमतमा देखिने छ । त्यस्तो अवस्थामा एक मिनेटमा पनि मुख्यमन्त्रीले राजीनामा दिनुको विकल्प छैन । त्यो भन्दा अगाडि नै सभामुखमार्फत तपाई अल्पमतमा पर्नुभयो भन्ने

वांकी अन्तिम पेजमा...



क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## वीरेन्द्र...

वर्ष अगाडी सम्म उचित व्यवस्थापन नहुँदा सभागृह खण्डरमा परिणत भएको थियो। सभागृह सञ्चालनमा आएपछि निजी हलहरुमा चर्को भाडा तिरेर कार्यक्रम गर्ने बाध्याताको अन्त हुने स्थानीय गोविन्द मास्केको भनाई छ।

सभागृहको पुन: निर्माणका लागि विराटनगर महानगर पलिका र नगर विकास कोषको २३ करोड लागतमा २०७८ बैशाख ९ गते समानन्तर जोशी बीच १८ महिनामा काम सम्पन्न गर्ने गरि सम्झौता गरिएको थियो। सभागृहको पुन: निर्माण काम सम्पन्न भएपछि सवै खालको कार्यक्रम गर्न अन्तर्राष्ट्रिय स्तरको हल हुने छ। सभागृह सञ्चालनमा आएपछि विभिन्न कार्यक्रम गर्न सहज हुने स्थानीय जितेन्द्र देवको भनाई छ।

वीरेन्द्र सभागृह हल भित्र ४ सय २० जना क्षमता भएको सिट हुने छ। त्यस भित्रै १२ जना भि आई पी सिट रहने छ,। आवश्यकता अनुसार ४ वटा ब्लक प्रेस डिजिटल भिजुअवल बोर्ड, २४ वटा शौचालय, भि आई पी २ वटा कोठ्ठा, सभागृह अगाडी फाउण्डेशन पार्क, दक्षिणपटि पार्किङ रहने छ।

विराटनगरमा सभागृह सञ्चालनमा आएपछि कोशी प्रदेशकै नमूना हुने छ।

## दलित...

तीने तहको सरकारले बजेट छुट्याउँदा महिला मात्र भनेर छुटयाउँदा दलित महिलाको अधिकार खोसिएको उहाँहरुको भनाई थियो।

कार्यक्रमा नेपाल पत्रकार महासंघ मोरङ शाखाको कार्यवाहक अध्यक्ष तारा अचार्यले दलितहरुको सवालमा सचारमीहरुले उल्लेखनीय भुमिका खेल्दै आईरहेको बताईन। अन्तरक्रिया कार्यक्रम मा मोरङका २५ संचारकर्मीहरु सहभागिताका थिए।

## उद्योग...

गरेका थिए। १२ औ जिल्ला अधिबेशनले नयाँ कार्यसमिति चयन गर्ने छ।

## अल्पमतमा...

सूचना प्राप्त गरेसँगै राजीनामा दिनुपर्छ,' भण्डारीले भने, 'राजीनामा नदिए संविधानको धारा १८८ बमोजिम विश्वासको मत लिनुपर्यो। यदि प्रक्रियामा पनि नगएर जबर्जस्तीगर्न खोज्नु भयो भने संविधानको सर्वोच्चता, सवोच्च अदालतको आदेश, कानून बमोजिम हटाउने भण्डारीको भनाई थियो।

यद्यपि त्यो प्रक्रिया र विधि के हुने भन्ने विषयमा भने उनले प्रतिक्रिया दिएनन्। उनले संघीय सरकारको गठबन्धनको आधारमा बहुमत पाइरहेको र अहिले गठबन्धन भत्कीए र अर्को गठबन्धन बनिसकेपछि मुख्यमन्त्री कार्की विरुद्धमा ५८ मत पुगिसकेको दाबी गरे। आफूहरुले ढिलो गरेको कारण प्रदेशको नेतृत्व कुन पार्टीले गर्ने भन्ने विषयका टुंगो नलागेको कारण भएको उनले सुनाए।

'सम्भवत: आज वा भोली केन्द्रबाट टुंगो लाग्ने वित्तिकै प्रक्रिया अगाडि बढ्छ। माओवादी र एकीकृत समाजवादीका मन्त्रीहरुले राजीनामा दिनुहोला र उहाँहरुले छोडेको २४ घण्टाभित्रमा हामीले आफ्नो स्टेप चाल्छौं। त्यसपछि राजीनामा दिँदा पनि उहाँले अप्ठ्यारो गरी राजीनामा दिनुपर्ने हुन्छ,' भण्डारीले भने। त्यो गैरकानूनी नहुने यही संविधानको धारामा टेकेर, संसदको प्रदेशसभा नियमा वली, सर्वोच्च अदालत को व्याख्या अनुसार नै प्रक्रिया अगाडि बढाउने भण्डारीले बताए।

आफ्नो पक्ष सर्वोच्च अदालतमा नजाने उनले बताए। उनले गठबन्धनले आफूहरुलाई नयाँ सरकार बनाउनका लागि नीतिगत निर्देशन दिने पनि बताए। 'फलानालाई मुख्यमन्त्री बनाउँ, फलानोलाई मन्त्री बना भनेर गठबन्धनले भन्दैन। गठबन्धनले हाम्रो समीकरण अनुसार सरकार बन्ने भयो भनेर नीतिगत निर्णय गर्छ र प्रदेशलाई निर्देशन दिन्छ। त्यही अनुसार अगाडि बढ्छ,' भण्डारीले भने, 'सरकार एमालेकै हुनुपर्छ भनेर हामीले दावी गरेका छैनौं। सहमति गरेर अगाडि बढ्न सक्छ।'

उनले सहमति अनुसार एमालेको भागमा कोशी प्रदेश परे पुन: हिक्मतकुमार कार्की मुख्यमन्त्री बन्ने उनले बताए। हिक्मत कार्की मुख्यमन्त्री बन्न नसक्ने भनेर प्रकाशित समाचारहरुमा सत्यता नभएको उनले बताए। उनले प्रदेश प्रमुखले चाहेमा संविधानको धारा १६८ को उपधारा २ अनुसार पनि सरकार बन्न सक्ने वा कुनै दलहरु एक भएर बहुमत सिद्ध गर्नसके संविधानको धारा १६८ को उपधारा ९१० बाट पनि सरकार बन्न सक्ने उनले दाबी गरे।

# आगलागी हुँदा तीन बालकको मृत्यु


मोरङको रङ्गेली-३ सन्थाल वस्ती आगलागीले खरानी

विराटनगर। भोजपुरको हतुवागढी ७ पिप्लेमा भएको आगलागीमा परी तीन जना बालबालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा ५ वर्षको प्रनिष कार्की, ७ वर्षकी बालिका दिपशिखा कार्की र ३ वर्षका बालक दियुनिष कार्की रहेको छ।

५ वर्षीय बालक प्रनिष कार्की केदार कार्कीका छोरा हुन् भने केदारका भाई रमेश कार्कीका छोरी दिपशिखा र दियुनिष रहेको प्रहरीले जनाएको छ। बालबालिका खेलिरहेको ठाउँमा अचानक आगलागी हुँदा उनीहरुको मृत्यु भएको जानकारीमा आएको भोजपुरका प्रहरी प्रमुख डिएसपी सुदिपराज पाठकले जानकारी दिए।

मोरङको रङ्गेली-३ बाबुसाहेब टोलको सन्थाल वस्ती आगलागीले सखाप भएको छ। उक्त टोलमा रहेका २२ वटा घर आगलागीका कारण जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

त्यसैगरी मोरङको रङ्गेली-३ बाबुसाहेव टोलको सन्थाल वस्ती आगलागीले सखाप भएको छ। उक्त टोलमा रहेका २२ वटा घर आगलागीका कारण जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

शनिबार दिउँसो अढाई बजेतिर सुरु भएको आगलागी नियन्त्रण आइ नसकेको स्थानीयले बताएका छन्। टोलमा सन्थाल समूदायका बाक्ला घर थिए। पश्चिमबाट हावा पनि लागिरहेकोले आगो समयमा नियन्त्रण गर्न नसकेको स्थानीय बताउँछन्। बाँस, सन्ठी र पराल मिलाएर, टाटीले बेरा लगाएका घर बाक्लो अवस्थामा रहेको कारण आगो छिटो फैलिएको थियो।

कानेपोखरी गाउँपालिका, रङ्गेली, बेलबारी, पथरी शनिश्चरे र सुन्दरहरैंचा नगरपालिका र विराटनगर महानगरका बारुणयन्त्र, प्रहरी, सशस्त्र प्रहरी र स्थानीयको सहयोगमा आगो निभाउने प्रयास भइरहेको छ। क्षति विवरण भने आइ सकेको प्रहरीले जनाएको छ।

**उपभोक्ता अधिकारको रक्षा गरौं।**

*- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनौट सुनुवाईको अधिकार हुन्छ।*
*- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्रप्त गर्ने,*
*- गुणस्तर हीन वस्तु र सेवावाट हानी पुगेमा क्षतिपुर्ति पाउने हक हुन्छ।*
*उपभोक्त हकको रक्षा गरौं, विश्व उपभोक्त दिवस भव्य रूपमा मनाऔं।*

*नेपाल सरकार, विज्ञापन बोर्ड*

**विराटनगर महानगरपालिकाको सूचना**

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
- ❒ छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं, घरपालुवा चौपायाहरु छाडा नछाडौ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

**पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं।**

- सुरक्षित पानी पिऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं।
- दिसा गएपछि, बच्चाको दिसा धोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलाय हातले नछोऔं।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं। घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं। खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं।

*खानेपानी तथा ढल व्यवस्थापन विभाग*
*संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना*
*विराटनगर, मोरंग, कोशी प्रदेश*

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# संघियको असर प्रदेशमा

लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासंगै तीन तहमा विभाजन भएको शासकिय व्यवस्थामा संघिय सरकारमा भएको उतलपुतलले त्यसको असर सातवटै प्रदेश सरकारमा पर्ने जान्छ । यसको अर्थ के हो भने नाम मात्रका तीन तहको सरकार रहेको छ । स्थानीय र प्रदेश सरकारको संघकै मुख ताक्ने अहिले सम्मको परिपटी रहेकोले यसलाई कस्तो लोकतन्त्र भन्ने ? संघिय सरकार जे गरेपनि प्रदेशको स्वामित्व त प्रदेश सभाका सदस्यहरुमा रहेकोले त्यसको सदउपयोग गर्नु पर्ने हुन्छ । तर त्यो प्रदेश सभा सदस्यहरुले गर्ने सकेको छैन । संघिय सरकार र संघमा रहेको पार्टी नेतृत्वकै आदेशमा नै चलि रहेको छ ।

त्यही करणले पटक-पटक संघिय सरकारमा राजनीतिक उथलपुथल भएपछि प्रदेशहरुमा समेत समिकरण फेरीने नयाँ सरकार वनाउने, नयां रणनीति वनाउने, आ-आफ्नो पार्टीका कार्यकताहरुलाई राजनीतिक नियुक्ति दिने लगायतको काम गर्ने सरकारले जनताको कामलाई प्राथमिकता दिन छाड्दै गएको छ भने जनताले पनि नेतामा विश्वास गर्न छाडि सकेका छन् । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एमालेको समर्थनमा पुस १० गते प्रधानमन्त्री बनेरु। तीन महिना नपुग्दै एमालेलाई बहिर्गमन गरी कांग्रेससँग हात मिलाएरु। फेरि वर्ष दिन हुँदा नहुँदै कांग्रेसको साथ छाडे र एमालेलाई सत्तासीन गराए यो फेरबदलले संघीय शासनमा मात्र होइन, प्रदेशमा पनि हलचल ल्याएको छ ।

संघिय सरकारका कारण कोशी प्रदेशमा कांग्रेसबाट ८ जना प्रदेश सभा सदस्य विद्रोह गरे र नेकपा एमालेको आशिर्वादले केदार कार्की मुख्यमन्त्री बने अहिले फेरी संघिय सरकारको समिकरण परिवर्तन भएपछि कोशी प्रदेशमा नेकपा एमालेले कोशी प्रदेश सरकारको राजीनामा मागि रहेको छ तर मुख्यमन्त्री कार्की राजीनामा दिन तयार छैन । जसले गर्दा फेरीपनि कोशी प्रदेशमा विकास निर्माणको काम छाडेर सत्ताको खेल शुरु भएको छ । यसले कोशी प्रदेशको भविष्य अन्योल बनेको छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# लोककल्याणकारी राज्यका लागि यसो गरे कसो होला ?

**कृष्ण हुमागाई**

सरकारले आधारभूत सवाल मा सामाजिक उत्तरदायित्व बहन गरे मात्र लोककल्याणकारी राज्यको अनुभूति नागरिकले गर्न पाउँछन् । लोकतन्त्रमा आफ्ना नागरिकका प्रति राज्य उदासीन बन्न मिल्दैन । हो, हाम्रो मुलुक गरिब, पछौटे छ। तर यहींको स्रोत र साधनलाई न्यायोचित वितरण प्रणालीबाट व्यवस्थापन गर्न सकिन्छ ।

लोककल्याणकारी राज्यको रूपमा सरकारले दिंदै आएको वृद्धभत्ता, औषधि उपचार बीमा र सेवानिवृत्तलाई दिइने पेन्सन र उपदानलाई व्यवस्थित गर्न सकिन्छ । यी सुविधाहरूलाई आर्थिक वर्गका आधारमा स्वेच्छिक गर्न सकिन्छ। कसैले म यस्तो सुविधा लिन्न भन्यो भने त्यस्तो घोषणा गर्ने नागरिकलाई राज्यले स-सम्मान कदर पत्र प्रदान गर्नुपर्दछ । धनीहरूबाट स-सम्मान बढी कर लिएर गरिबहरू को हितमा खर्च गर्ने परिपाटीको विकास गर्नु आवश्यक छ ।

यहाँ स्वास्थ्य बीमा, वृद्धभत्ता, पेन्सनपट्टा, अवसर, नेतृत्व, व्यवस्था र अवस्था अनि गरिबलाई न्याय र राहतका विषयमा सामान्य चर्चा गरौं ।

(१) अनिवार्य स्वास्थ्य बीमा

गरिबका लागि वरदान सावित हुँदै गरेको स्वास्थ्य बीमालाई अनिवार्य गरिनुपर्दछ। स्वास्थ्य बीमालाई जन्मदर्ता, विवाह दर्ता, नागरिकता, जग्गा रजिष्ट्रेशन, सवारी साधन चालक अनुमतिपत्र र खरिद-बिक्री, बैंक खाता, पान नम्बर, भ्याट नम्बर दर्ता, राहदानी, लोकसेवा, सबै सरकारी सेवाका लागि धनी, गरिब सबैलाई अनिवार्य गरिनुपर्दछ। यसो भयो भने धनीहरू निजी अस्पताल र विदेशका महङ्गा अस्पतालमा उपचार गर्न गए भने पनि उनीहरूले बीमा गरेको पैसाले गरिबलाई नि:शुल्क उपचार गर्न धेरै सहज हुन्छ ।

सबैलाई स्वास्थ्य बीमामा अनिवार्य गर्ने हो भने अहिलेको एक लाखसम्मको बमिा सुविधा रकममा वृद्धि गरेर १० लाखसम्मको पुऱ्याउन सकिन्छ। सबैले स्वास्थ्य बीमा अनिवार्य गर्नुपर्ने कानुन बनाइनुपर्छ। कोही कसैले दिनको १० रुपैयाँ पनि बचत गर्न सक्दैन र एक वर्षको बीमा रकम ३५०० (तीन हजार पाँचसय) तिर्न सक्दैन भने सम्बन्धित वडा कार्यालयमा सार्वजनिक सूचना आह्वान गरेर निवेदन लिई सरकारले नै बीमा शुल्क तिरिदिनुपर्छ। यस्ता असहाय, विपन्न नागरिकलाई गाँस, बास र कपासको व्यवस्था पनि राज्यले नै गर्नुपर्छ।

स्वास्थ्य बीमामा पनि अति विपन्न, विपन्न र कमजोर आर्थिक अवस्था जस्तो गरी वर्गीकरण गरेर 'क' वर्गको सबै बीमा शुल्क, 'ख' वर्गको आधा र 'ग' वर्गको २५ प्रतिशत बीमा शुल्क राज्यले तिरिदिने र बीमाको भुक्तानी दाबीलाई बढाएर एक लाखबाट कम्तीमा दश लाख पुऱ्याइनुपर्दछ। अन्यलाई आफैं बीमा गर्ने र दश लाखको बीमा दाबी भुक्तानी व्यवस्थालाई कायम राखिनु पर्दछ। विपन्नको सुविधा लिएर बैंकबाट कर्जा लिनेलाई रोक लगाइनुपर्छ। विपन्न पनि हुँ भन्ने र बैंकबाट कर्जा पनि माग गर्ने सुहाउँदो कुरा भएन। गरिब हो भने गरिबीको सुविधामा बस्नु पऱ्यो, सक्षम हो भने आफ्नो बीमा आफैं गर्नुपऱ्यो।

बीमाको नियमित औषधि सेवन गर्नेहरूलाई तीन महिनाको औषधि एकै पटक उपलब्ध गराएर हरेक तीन महिनामा स्वास्थ्य परीक्षण गरेर सम्बन्धित वडाको स्वास्थ्य कार्यकर्ता मार्फत औषधि उपलब्ध गराउने र औषधि खाने तरिकाका विषयमा सहजीकरणको प्रबन्ध मिलाइनुपर्दछ। जटिल प्रकृतिको रोग लागेमा आर्थिक वर्गका आधारमा औषधि उपचारको प्रबन्ध राज्यले मिलाउनु पर्दछ। आर्थिक रूपमा सक्षमले आफैं उपचार गरेर सभ्य नागरिक को परिचय दिइहाल्छन् ।

प्राथमिक स्वास्थ्य केन्द्र र नगर अस्पतालहरूमा दिइने स्वास्थ्य सेवाले मात्र बिरामी निको हुने अवस्था नभएमा अहिले जस्तो रेफर लैजाने नियमलाई अन्त्य गरेर नेपाल को जुनसुकै स्थानमा बीमा गरेको मानिसले देशको जुनसुकै अस्पतालमा बीमा कार्ड देखाएर नि:शुल्क स्वास्थ्य सेवा पाउने नियम बनाइनु पर्दछ। यसमा निजी र सरकारी भन्ने कुरै आउँदैन। सबै अस्पताल हरूले बीमा गरेका बिरामीको औषधोपचार प्राथमिकताका साथ गर्नै पर्ने अन्यथा कारबाही हुने कानुनी प्रबन्ध तत्काल मिलाइनु पर्दछ।

सबैलाई अनिवार्य स्वास्थ्य बीमामा समावेश गराएपछि देशका सबै अस्पतालमा बीमाबाट औषधि उपचारको प्रबन्ध मिलाउन सकिन्छ। किनकि सबै मानिस एकै पटक सामान्यतया बिमारी हुँदैनन्, महामारीको समस्यामा बाहेक । अनि स्वस्थ मानिस रोगी बनेर विना कारण औषधि खान पनि जाँदैन, चाहँदैन । औषधि खाएर आयु लम्ब्याउनु भनेको बाध्यतामा बाँच्नु हो । मानिस बाध्यताको आयु भन्दा सहज जीवन जिउन चाहन्छ । रोग नै लागेपछि वा दुर्घटना भएपछि त अस्पताल जानै पऱ्यो । उपचार गराउनै पऱ्यो ।

(२) वृद्धभत्ता

६८ वर्ष पार गरेपछि उपलब्ध गराइने वृद्धभत्तालाई विभेदकारी बनाइनु हुँदैन । एकल महिला, पुरुषका हकमा जुन उमेरको भए पनि दिए हुन्छ। दोहोरो भार र मार राज्यलाई नपर्ने गरी यसको वितरण हुनुपर्छ। जस्तो कि २५ वर्षको हुँदा विधवा भत्ता पाएकोले ६८ भएपछि जुन भत्ता बढी हुन्छ, त्यो दिएर अर्को भत्ता कटौती गरिनु उचितै हुन्छ, तर एकाघर सगोल परिवारमा कोही पनि छैन सहारा भने यस्तो अवस्थाको एकललाई भत्ता यथावत् राखिनुपर्छ। सरकारी सेवा, सुविधा र निवृत्तिभरण लिनेको एकाघर परिवारलाई पनि वृद्धभत्ताको दायराबाट अलग गरिनुपर्दछ। एकै परिवारलाई राज्यको दोहोरो सुविधा दिनु उचित हुन्न । अहिले हाम्रो राज्यले यस्तो प्रकारको अनावश्यक आर्थिक भार थेग्न सक्दैन ।

वृद्धभत्ता पनि आर्थिक रूपमा विपन्नलाई मात्र दिए हुन्छ । तीन करोडको गाडी चढेर महिनाको चार हजार भत्ता थाप्न जानेलाई नै लाज लाग्नुपर्ने हो । यसका लागि 'क', 'ख', र 'ग' वर्गको वर्गीकरण गरेर भत्ता वितरण गरिनु उचित हुन्छ । 'क' अति विपन्न, 'ख' विपन्न र 'ग' आर्थिक कमजोर गरी तीन वर्ग बनाउन सकिन्छ। 'क' वर्ग: जसको चल, अचल केही सम्पत्ति, रोजगारी केही नभएको नागरिक। 'ख' वर्ग: बसोवाससम्म भएको रोजगारी नभएको। 'ग' वर्ग अचल सम्पत्ति भएको चल र रोजगारी नभएको । अर्थात् सम्पूर्ण सम्पत्ति एक करोड भन्दा कम भएकालाई माथि उल्लिखित तीन वर्गमा वर्गीकरण गरेर अन्यलाई वृद्ध भत्ता लिने वा नलिने स्वेच्छिक घोषणा र माग निवेदन लिएर वितरण प्रक्रिया थाल्नुपर्दछ। यस्तोमा 'क' वर्गलाई १० हजार, 'ख'लाई ८ हजार र 'ग'लाई मासिक ६ हजारका दरले उपलब्ध गराउन सकिन्छ। किनकि वर्गीकरण गर्नासाथ भत्ता लिने आधा जनसंख्या घटिहाल्छ ।

वृद्धभत्ता लिएको परिवारको एकाघर सगोलको परिवारको सदस्यले बैंकिङ कारोबार गर्दा कर्जा नपाउने नियम बनाइएमा उद्योग, व्यापार गर्नेहरूले राज्यबाट लिंदै आएको यस्तो सुविधा स्वतः कटौती भएर जान्थ्यो र राज्यलाई भार पर्ने थिएन । किनकि विपन्नले यस्तो सुविधा लिने हो । कर्जा त बैंकले सम्पत्ति हुनेलाई दिने हो । तसर्थ बैंकबाट धनी छु भनेर कर्जा लिने अनि राज्यलाई गरिब विपन्न छु भनेर सुविधा खानेहरू आफैं ठेगान लाग्नेथिए । यसमा भत्ता लिइरहेको अवस्थामा कोही कसैको चामत्कारिक आर्थिक प्रगति भएमा त्यस्तो व्यक्तिलाई पनि भत्ताको दायराबाट वर्गीकरण गरी अलग गरिनु पर्दछ ।

कसैले सम्पत्ति भएर पनि भत्तामा दाबी गरिरहन्छ भने सम्पूर्ण सम्पत्तिको कबुलियतनामा गराएर ढाँटे-छलेको छैन, यदि त्यस्तो गरेको ठहरिएमा राज्यले मेरो चल, अचल सम्पत्ति जफत गर्दा मञ्जुरी छ भन्ने फारम भराएर ठहरिएको खण्डमा जफत गर्ने प्रक्रियालाई द्रुत गतिमा अघि बढाइनुपर्दछ ।

(३) निवृत्तिभरण र उपदान

सेवा निवृत्त राष्ट्रसेवक कर्मचारीको संख्या दिनानुदिन बढ्दै गएको, तलब-भत्ता र निवृत्तिभरण पनि प्रत्येक वर्ष बढ्दै गएका कारण राज्यलाई थेग्न मुश्किल हुने गरी आर्थिक भार परिरहेको छ। सरकारी सेवामा रहँदा उचित, अनुचित अनेक ढङ्गले अकुत सम्पत्ति कमाएका धनाढ्य र सामान्य आर्थिक अवस्थाका सेवा निवृत्तलाई एकै प्रकारको निवृत्तिभरण हुनुहुँदैन । यसमा पनि योगदानमा आधारित निवृत्तिभरण कार्यक्रम आर्थिक वर्गका आधारमा लागू गरिनु उचित हुन्छ। सेवा निवृत्त भएर पनि ठूल्ठूला उद्योग, व्यापार, व्यवसाय सञ्चालन गरिरहेका लाई निवृत्तिभरणको दायित्वबाट अलग गरिनुपर्दछ। मलाई अब राज्यले निवृत्तिभरण दिनुपर्दैन भनेर स्वघोषणा गर्ने व्यक्तित्व लाई राज्यले सम्मान, कदर गर्नुपर्छ।

उपदानको हकमा पनि उपदान लिएका बखतको भन्दा धेरै नै आर्थिक उपलब्धि र प्रगति भएकाहरूले स्वघोषणा मार्फत राज्यलाई उपदान फिर्ता गरेर देश र जनताको सेवा गर्ने अवसर राज्यले प्रदान गर्नुपर्दछ। बाँचुञ्जेलसम्मका लागि हो सम्पत्ति । कसैको सम्हालिनसक्नु र कसैको सम्हाल्नै नपाउनु अवस्था हुनुभएन लोकतन्त्रमा । राजा, राणा र पञ्चले हरिकङ्गाल बनाएर धनी र गरिबबीचको भयानक खाडल बनाएको हाम्रो

वांकी ५ पेजमा...

# महिला उद्यमीहरुको उत्पादनलाई प्रवर्द्धन गर्नको लागि प्रदर्शनी




विराटनगर । नेपाल उद्योग परिसंघ कोशी प्रदेश महिला उद्यम समितिको आयोजनामा महिला उद्यमीहरुलाई हौसला र प्रवर्धन गर्ने उद्देश्यले प्रदर्शनी गर्ने भएको छ ।

नेपाल उद्योग परिसंघ कोशी प्रदेश कार्यालय विराटनगरमा पत्रकार सम्मेलन गरि चैत्र २३ र २४ गते प्रदेशको राजधानी बिराटनगरमा महिला उद्यमीले उत्पादन गरेको बस्तुलाई प्रदर्शन र प्रवर्द्धन गर्न प्रदर्शनी गर्ने लागेको नेपाल उद्यम समिति नेपाल उद्योग परिसंघ कोशी प्रदेश संयोजक रचना राठीले वताए ।

प्रदर्शनी महिला उद्यमीहरुलाई हौषला र प्रवर्धनको माध्यमबाट आर्थिक बिकासमा महत्वपुर्ण योगदान पुगाउने उदेश्यले प्रदर्शनी गर्ने लागेको हो ।

तहका सरकारका सम्बन्धीत निकायहरु र महिला शशक्तिकरणका क्षेत्रमा कृयाशिल अन्य संघ संस्थाहरुलाई प्रबर्धक तथा सहयोगिको रुपमा सहभागिता गराउदै सहकार्यबाट प्रदर्शनी सम्पन्न गर्ने तयारी गरिएको छ ।

प्रदर्शनिका मुख्य कार्य योजनाहरू घरेलु एवं औद्योगिक बस्तुहरु प्रदर्शनि गर्ने, बस्तु तथा सेवाको प्रवर्धन गर्ने, महिला रोजगारी का र उद्यमशिलताका क्षेत्रहरु बारेमा जाग्रील गराउने, महिला उद्यमीहरु बाट उत्पादीत बस्तु तथा सेवाको बजार ब्यबस्थापन, उपभोक्ता का माझमा नया स्वदेशी प्रविधि र वस्तुको पहिचान गराउने रहेका छन ।

अतिथि सदन राधा मण्डप बिराटनगर हुने प्रदर्शनीमा ६० वटा स्टलहरू रहने छ । प्रत्येक स्टलको १० हजार शुल्क लग्ने भएको छ । प्रदर्शनीको आयोजना गर्न ३ देखि ४ लाख सम्म खर्च हुने छ भने २० लाखको कारोवार गर्ने लक्ष्य लिएको राठीले जानकारी गराउँदै प्रदर्शनीमा तीनै तहको सरकारको सहयोग रहने वताए ।

उद्यमी मेलाका आकर्षण मा प्रदर्शनिमा सहभागि मध्ये ३ जना उत्कृष्ट उद्यमीलाइ सम्मान गरिने, दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको प्रदर्शनि तथा खरिद बिक्री, महिला उद्यमी संग स्थानीय सरकार एवम् प्रदेश सरकारका प्रतिनिधिको अर्न्तक्रिया, महिला उद्यमी र व्यवसायी बीच छलफल हुनेछ ।

प्रदर्शनी हुने वस्तु तथा सेवाहरु (महिला उद्यमी बाट उत्पादित र निर्मित ) हुनेछ जसमा दैनिक उपभोग्य सामान, कृषिजन्य तथा जडिबुटी, घरेलु उद्योगबाट निर्मित विविध सामाग्रीहरु, हस्तकलाका सामानहरु

प्राकृतिक सौन्दर्य सम्बन्धी कला, सामग्रीहरु र पर्यटन प्रवर्द्धन सम्बन्धी सामग्रीहरु रहनेछ ।

अपेक्षित उपलब्धीहरुमा स्थानिय कच्चा पदार्थहरुको पहिचान बस्तु उत्पादन र बजारीकरणमा विशेष सहयोग पुग्ने, उद्यमी र व्यवसायी बीच समन्वय, उद्यमीहरुको उत्पादनमा स्वस्थ प्रतिस्पर्धा गर्ने बानीको विकास हुनेछ ।

महिला उद्यमीहरुको उत्पादन र बजारीकरणको सीपलाइ अझै प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

त्यसैगरी घरेलु एवं औद्योगिक बस्तुहरु प्रदर्शनि गर्ने, वस्तु तथा सेवाको प्रवर्धन गर्ने, महिला रोजगारीका र उद्यमशिलताका क्षेत्रहरु बारेमा जाग्रीत गराउने, महिला उद्यमीहरु बाट उत्पादीत बस्तु तथा सेवाको बजार ब्यबस्थापन, उपभोक्ताका माझमा नया स्वदेशी प्रबिधि र बस्तुको पहिचान गराउने रहेका छन ।

नेपाल उद्योग परिसंघ कोशी प्रदेश अध्यक्ष पवन सारडाले आगामी २०८१ साल माघ ११ गते देखि माघ २१ सम्म अर्थात १० दिन विराटनगरमा अन्तराष्ट्रिय औधोगिक तथा कृषि प्रदर्शनी मेला आयोजना गर्ने वताए ।

# महिलालाई हत्या गरेको आरोपमा एक पक्राउ

संखुवासभा, फागुन २७ गते । संखुवासभाको खाँदवारी नगरपालिका-११ घर भई खाँदवारी नगरपालिका-७ मा बस्दै आएका ३१ बर्षीय मंशिरे शेर्पालाई बिना कुमारी राईलाई हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

सिलिचोङ गाउँपालिका-२ घर भई लिभिङ टुगेदरमा शेर्पा संगै बस्दै आएकी २६ बर्षीय बिना कुमारी राई र शेर्पा बिच फागुन १८ गते घरायशी बिषयमा बाद बिबाद हुँदा रिशको आवेगमा शेर्पाले मृतक राईलाई जथाभावी कुटपिट गर्दा उनको घटनास्थलमा नै मृत्यु भएको थियो ।

घटनाको जानकारी पाए लगतै घटनास्थलमा खटिएको प्रहरी टोलीले आरोपित शेर्पालाई खोजतलास गर्ने क्रममा फागुन २४ गते संखुवासभा नगरपालि का-७ को एक घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो।

हत्या आरोपमा पक्राउ परेका शेर्पाको सम्बन्धमा प्रहरी थप अनुसन्धान गरिरहेको छ ।

# हत्यामा संलग्न दुई पक्राउ

झापा । झापाको गौरादह नगरपालिका-७ योगिटारकी ८२ बर्षीया बृद्धा नरमाया बिश्वकर्माको हत्या गरेको आरोपमा स्थानीय २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फागुन २६ गते देखि घरैबाट अचानक हराईरहेकी बृद्धाको खोजतलास गर्ने क्रममा आफ्नै घर पछाडी रहेको गुवालीमा खाल्डो खनेर गाडेको अवस्थामा फागुन ३० गते बृद्धाको शव फेला परेको थियो । गाडेको अवस्थामा शव फेला परेसंगै घटनाबारे सुक्ष्म अनुसन्धान थालेको ईलाका प्रहरी कार्यालय गौरिगञ्जको प्रहरी टोलीले घटनामा संलग्न रहेका २ जनालाई फागुन ३० गते नै पक्राउ गरेको विहीवार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेमा मृतककै नाती १८ बर्षीय धिरज बिश्वकर्मा र स्थानीय १८ बर्षीय राजु मल्लिक रहेका छन् । गाँजा खाई लठ्ठ भएका बि.क.ले फागुन २६ गते राती २ बजेको समयमा हजुरआमा शौचालय जान उठेको अवस्थामा फलामको रडले टाउको पछाडी प्रहार गर्दा बृद्धाको घटनास्थल मा नै मृत्यु भएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ ।


हजुरआमाको मृत्यु भए पश्चात आफ्नो साथी राजु मल्लिकको समेत सहयोगमा घर नजिकै रहेको गुवालीमा खाल्डो खनेर गाडेको खुल्न आएको र घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय गौरिगञ्जले जनाएको छ ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरुको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

# सञ्चार माध्यमको संरक्षण गर्न माग

विराटनगर । नेपाल पत्रकार महासंघ मोरङ शाखाले स्थानीय सञ्चार माध्यमको विकास र संरक्षणको लागि प्रदेश तहबाट पनि लोक कल्याणकारी विज्ञापन वितरण गर्नुपर्नेलगायतका माग कोशी प्रदेश सरकारलाई बुझाएको छ ।

नेपाल पत्रकार महासंघ मोरङका कार्यबाहक अध्यक्ष मोहन भट्टराईको नेतृत्वमा गएको टोलीले मंगलबार प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईलाई भेटेर मागपत्र बुझाएको थियो ।



महासंघले प्रदेश र स्थानीय सरकारका सूचना तथ विज्ञापन संघीयताको मर्म अनुसार स्थानीय सञ्चार माध्यमले नै प्राप्त गर्ने नीति र कानून निर्माण गरिनुपर्ने, विज्ञापनको क्षेत्रमा सरकारले गरिरहेको खर्चको ठूलो हिस्सा विचौलियाको हातमा गइरहेकोले सञ्चार माध्यमलाई सिधै समानुपातिक रुपमा विज्ञापन प्रदान गर्ने व्यवस्था गरिनुपर्ने, सञ्चार माध्यम लाई काठमाडौंबाट प्रकाशित भएपछि राष्ट्रिय हुने र काठमाडौं बाहिरका राष्ट्रिय नहुने भनी गरिने विभेदपूर्ण व्यवहार अन्त्य गरिनुपर्ने माग राखेको छ । यस्तै प्रदेश तहबाट सिंगो सञ्चार क्षेत्रको विकास र प्रवर्द्धनको लागि आवश्यक कानुनी र नीतिगत प्रबन्ध छिटोभन्दा छिटो गरिनुपर्ने र प्रदेश सरकारले यसअघि पत्रकार महासंघ शाखा कार्यालयहरुलाई दिँदै आएको सहयोगलाई निरन्तरता दिनुपर्ने माग पनि शाखाले गरेको छ ।

पछिल्लो समयमा सञ्चार क्षेत्र अत्यन्त संकटग्रस्त अवस्थाबाट गुज्रिरहेकोले सरकारको सहयोग आवश्यक रहेको महासंघका कार्यबाहक अध्यक्ष भट्टराईले बताए । सञ्चार संस्थाहरू बन्द हुने र त्यहाँ कार्यरत श्रमजीवीहरू कामबाट धमाधम निकालिने अवस्था रहेको भन्दै उनले त्यसले सरकारी र सार्वजनिक निकायमा सञ्चारकर्मीको निगरानी कमजोर बनेको मागपत्रमा उल्लेख छ । यो अवस्था लोकतन्त्र, सुशासन र नागरिक अधिकारको लागि चुनौति रहेको भन्दै सरकारले ध्यान दिनुपर्ने माग गरिएको छ ।

महासंघ शाखाको माग पत्र बुझ्दै कोशी प्रदेश सरकार प्रवक्तासमेत रहेका मन्त्री राईले पत्रकार महासंघले उठाएको मागहरु आगामी आर्थिक वर्षको बजेटमा समावेश गरेर अगाडि बढ्ने प्रतिवद्धता जनाएका छन् । 'आगमी आर्थिक वर्षको बजेट बनाउनुभन्दा अगाडि ठिक समयमा महासंघले सरकार को ध्यानाकर्षण गराएको छ' उनले भने, 'तपाईहरुले उठाउनुभएको मागलाई प्रदेश सरकारले ध्यानमा राखेर बजेट निमार्ण गर्नेछ ।'

# खैरो हिरोइन सहित दुई पक्राउ

सुनसरी । सुनसरी ईटहरी उप-महानगरपालिका १६ बाट प्रतिबन्धित लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागु औषध खैरो हिरोईनको खरिद बिक्री कारोबार भईरहेको छ भन्ने गोप्य सूचनाको आधारमा फागुन २७ गते, कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रादेशिक अनुसन्धान समूह(रिट) र ईलाका प्रहरी कार्यालय ईटहरीबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले प्रदेश १-०२-०४७ प. १९५३ नम्बरको मोटरसाईकल मा सवार रहेका ईटहरी उप-महानगर पालिका १६ का ३१ बर्षिय सुजन भन्ने बालकृष्ण घिमिरेलाई पक्राउ गरिएको थियो ।

चेकजाँच गर्ने क्रममा घिमिरेको चुरोटको बट्टामा लुकाई राखेको ४ ग्राम ७७० मिलिग्राम र उनैले घरमा लुकाई राखेको ३ ग्राम सहित जम्मा ७ ग्राम ७७० मिलिग्राम खैरो हेरोईन सहित निजलाई पक्राउ गरेको थियो ।

सोही घटनामा संलग्न रहेका ईटहरी-८ का २३ बर्षिय प्रिवेष पौडेललाई समेत नियन्त्रणमा लिई आबश्यक अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।

# 'शुदर्शन-कापिला सिरपा' सम्मान, नेवा: खल कास्कीलाई प्रदान



विराटनगर । नेपाल भाषा संस्कृति संरक्षण र जगेर्नामा लामो समयदेखि विशेष योगदान पुऱ्याएको भन्दै नेवा : खल कास्कीलाई भ्री : पुचले २ लाख रुपैयाँसहित सुर्दशन- कपिला सिरपा ११४४ सम्मान प्रदान गरेको छ ।

नेपाल भाषा तथा संस्कृति संघ (भ्री पुच:) विराटनगरले शुक्रबार एक भव्य कार्यक्रम आयोजना गरी उक्त सम्मान प्रदान गरेको थियो ।

प्रमुख अतिथि कांग्रेस नेता एव पूर्व गृहमन्त्री विजयकुमार गच्छदार, कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री गणेश उप्रेतीले नेवा: खल: कास्कीका अध्यक्ष अशोक पालिखेलाई सुर्दशन- कपिला सिरपा ११४४ सम्मान हस्तान्तरण गरेको थियो ।

नेपाल भाषा तथा संस्कृति संघ विराटनगरका अध्यक्ष भविष कुमार श्रेष्ठले

नेपाल भाषा संस्कृति संरक्षण र जगेर्नामा लामो समयदेखि योगदान पुऱ्याउनु का साथै नेपाली भाषा एवं संस्कृतिको क्षेत्रमा दुई दशक भन्दा लामो समयदेखि अनवरत रुपमा क्रियाशील संस्था नेवा खल: कास्कीलाई काले नेवा: खल: कास्कीलाई नगद २ लाख सहितको सुर्दशन- कपिल सिरपा ११४४ बाट सम्मानित गरिएको नेपाल भाषा तथा संस्कृति संघ विराटनगरका अध्यक्ष भविष कुमार श्रेष्ठले वताए ।

४४ वर्ष अगाडी नेपाल सम्वत् ११०१ (वि.सं. २०३८) सालमा स्थापना भएको भ्री पुच:ले नेपाली भाषा एवं संस्कृतिको क्षेत्रमा योगदान पुर्याउने व्यक्ति एवं संस्थालाई कदर स्वरुप प्रत्येक २-२ वर्षमा सुर्दशन-कपिला सिरपा (सम्मान) बाट सुशोभित गर्दै आएको छ । भ्री पुच:का संरक्षक एवं समाजसेवी सुर्दशन श्रेष्ठद्वारा स्थापित उक्त सिरपाबाट यसअघि २०७६ साल फाल्गुण २ गते संस्कृतिविद सत्यमोहन जोशी सम्मानित भईसकेका छन् । यसअघि २०७८ सालमा भारतको गान्तोकस्थित सिक्किम नेवा गुठीलाई पनि सम्मान गरिसकेको छ ।

पहिलो पटक काठमाडौं नक्सालमा आयोजित एक भव्य समारोहका बीच नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले संस्कृतिविद सत्यमोहन जोशीलाई सम्मान गरेपछि भ्री पुच: ले उक्त पुरस्कारलाई निरन्तरता दिँदै आएको भ्री: पुचका अध्यक्ष श्रेष्ठले बताए ।

'सुदर्शन-कपिला सिरपा' विराटनगर-१० निवासी सुर्दशन श्रेष्ठ र उनको परिवारद्वारा स्थापित पुरस्कार हो ।

२०७६ सालको नयाँ वर्षको अवसरमा आयोजित एक कार्यक्रमबीच श्रेष्ठ र उनको परिवारद्वारा नेपाली भाषा एवं संस्कृतिको जगेर्ना गर्ने व्यक्ति वा संस्थालाई भ्री पुच: मार्फत् प्रत्येक २-२ वर्षमा कदर स्वरुप 'सुदर्शन-कपिला सिरपा' द्वारा सुशोभित र नगद रु. २ लाखको सिरपा थैली प्रदान गर्ने घोषणा गरिएको थियो । त्यसका लागि २० लाखको अक्षय कोष खडा गरिएको छ ।

प्रत्येक १० वर्ष पछि सिरपा थैली रकममा ५०-५० हजारका दरले थप गरी एकमुष्ठ वृद्धी गर्ने योजना रहेको भ्री पुच: ले जनाएको छ ।

# लागुऔषध सहित कोशी प्रदेशबाट १५ जना पक्राउ

विराटनगर । कोशी प्रदेशको विभिविन्न जिल्लाको प्रहरी कार्यालयहरुले प्रतिवन्धित लागुऔषध सहित १५ जनालाई पक्राउ गरिएका छन् ।

घटनाको विवरण अनुसार उदयपुरको त्रियुगा नगरपालिका -११ पिपलचोकबाट प्रतिबन्धित औषधी सहति १ जनालाई प्रहरीले पक्राउ गरेको थियो । सोमवार जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरी टोलीले ना.२६ प ८३७५ नम्बरको स्कुटरको डिकि भित्र लुकाईछिपाई ल्याउदै गरेको अवस्थामा फेनार्गन, डाईजेपाम र आईपिल गरी जम्मा ४४ एम्पुल औषधी फेला पारी स्कुटर चालक स्थानीय २३ बर्षीय पासाङ तामाङलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

सुनसरीको देवानगंज गाउँपालिका-५ स्थित मकैबारी मा अवैध गाँजा लुकाई छिपाई राखेको भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय साहेबगंजबाट खटिए को प्रहरी टोलीले उक्त स्थानबाट (४ बोरा) ९८ के.जी. अवैध गाँजा फेला पारी बरामद गरेको थियो ।

त्यसैगरी झापा, मोरङ र उदयपुर जिल्लाको छुट्टा छुट्टै स्थानहरुबाट लागुऔषध ब्राउनसुगर र औषधी सहित १० जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सुरक्षा सुनिश्चिता अभियान २०८० को कार्य योजना अनुसार लागुऔषध नियन्त्रण तथा पक्राउ अभियान मा जिल्ला प्रहरी कार्यालय झापा तथा मातहत कार्यालय हरु बाट खटिएका बिशेष प्रहरी टोलीले मंगलबार झापा जिल्लाको बिभिन्न स्थानहरुबाट ११ ग्राम ८ सय मिलिग्राम ब्राउन सुगर र नगद ८ हजार २ सय २५ रुपैया सहित ७ जनालाई पक्राउ गरेको थियो ।

त्यसैगरी मोरङको सुन्दर हरैचा नगरपालिका- ९ बाट सुन्दरहरैचा- १० का २४ बर्षीय मोहमद अस्लाम र ३३ बर्षीय नबराज खड्कालाई १ ग्राम ६७० मिलिग्राम ब्राउनसुगर सहित ईलाका प्रहरी कार्यालय बेलबारी र ईलाका प्रहरी कार्यालय बिराटचौकबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो भने ईलाका प्रहरी कार्यालय जलजले उदयपुर बाट खटिएको प्रहरी टोलीले त्रियुगा- ६ बाट त्रियुगा- ३ का १९ बर्षीय कृष्ण चौधरीलाई प्रतिबन्धित औषधी प्रोमोथेजिन्ड, डाईजेपामर र ब्रुपिनोरफिन गरी जम्मा १८ एम्पुल सहित पक्राउ गरेको थियो ।

मोरङ जिल्ला सुन्दर हरैचा नगरपालिका ३ बस्ने अन्दाजी ३० बर्षिया सुनिता राईको घरमा लागू औषध बिक्री बितरण भई रहेको भन्ने बिशेष सूचनाको आधारमा लागू औषध ब्राउन सुगर जस्तो देखिने खैरो पदार्थ सहित सुनिता राईलाई बुधवार पक्राउ गरिएको थियो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको टोलीले राईको घर खानतलासी गर्ने क्रममा १० ग्राम ब्राउन सुगर जस्तो देखिने खैरो पदार्थ, ३.५ केजी अवैध लागू औषध गाँजा र नेपाली नगद ५ लाख ३८ हजार २ सय ५०, डिजिटल तराजु २ थान र विभिन्न कम्पनीको मोवाईल २ थान समेत बरामद गरिएको थियो ।

सोही दिन मोरङ जिल्ला सुन्दरहरैचा नगरपालिका ३ गछिया स्थितमा सोही स्थान बस्ने २३ बर्षिय प्रज्वल सुवेदी र सोही स्थान बस्ने २० बर्षिय आशिष ठाकुरले आफ्नो पाईन्टको गोजीमा फेनारग १० थान, डाईजेपाम १० थान, एभिल १० थान र लुपिजेसिक १० थान सहित पैदल हिडि रहेको अवस्थामा पक्राउ गरिएको थियो ।

त्यसैगरी सुन्दरहरैचा नगरपालिका-५ बलिया स्थितमा सोही स्थान बस्ने २४ बर्षिय संगम आचार्यलाई प्रहरी चौकी गछियाबाट खटिएको प्रहरी टोलीले १० थान डाईजेल्याव, ४ थान लुपिजेसिक र २ थान एभिल सहित पक्राउ गरिएको थियो ।

लागुऔषध सहित पक्राउ परेकाहरुको सम्बन्धमा थप अनुसन्धान भई रहको प्रदेश प्रहरी कार्यालय विराटनगरले जानएको छ ।

# धितोपत्र ब्रोकर्शको सदस्यमा गिरी निर्वाचित

काठमाडौ । धितोपत्र ब्रोकर्श एशोसिएसन नेपालल (डिब्यान) प्रथम बार्षिक साधारण सभाबाट ४ बर्षका लागि कार्यसमिति सदस्य अधिवक्ता बिष्णु गिरी निर्बाचित भएका छन् ।

सोमबार काठमाडौमा भएको साधारण सभाबाट अधिवक्ता गिरी सहित १३ सदस्सीय नयाँ कार्यसमिति निर्बाचित भएको हो । अर्थ सवाल साप्ताहिक कानुनी सल्लाहकार तथा इन्दीरा सेकुरिटिज प्रा.लिका सञ्चालक रहेका गिरी पछिल्लो समय कानुन ब्यबसायको क्षेत्रमा परिचित नाम हो ।

धितोपत्र ब्रोकर्श एशोसिएसन नेपालको प्रथम साधारण सभाको उदघाटन नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नबराज अधिकारीले गरेका थिए भने नेप्चेका कार्यकारी प्रमुख कृष्ण बहादुर कार्की लगायतको उपस्थती रहेको थियो ।

प्रथम साधारण सभाबाट अध्यक्षमा सागर ढकाल बरिष्ठ उपाध्यक्षमा अंञ्जीव तुलाघर, उपाध्यक्षमा अतित लाल श्रेष्ठ, महासचिबमा कृष्ण गिरी कोषाध्यक्षमा सुमन कुमार मल्ल सदस्यमा अधिवक्ता बिष्णु गिरी लगायत आठ जना सदस्य निर्बाचित भएका हुन् ।

अधिवक्ता गिरीले अनलाईन नबिकरण, पत्रकारलाई कोभिड खोपमा प्राथमिकता र तत्कालीन ओली सरकारले ल्याएको नागरिकता बिधयक सरकारले राष्ट्रपतिले भारतमा गराएको आफ्नो उपचार खर्च दिने सरकारको निर्णय बिरुद्ध सर्बोच्च अदालतमा मुद्धा दर्ता जस्ता जनसरोकारका मुद्धामा सफलता हासिल गरिसकेका छन् ।

मेलमिलाप कर्ता समेत रहेका गिरी पछिल्लो समय कानून सम्बन्धी बिबिन्न संघ संस्थाले आयोजना गरेका कार्यक्रममा प्रशिक्षकको रुपमा तालिम समेत दिदै आएका छन् । नवनिर्बाचित सदस्य गिरीसँग लामो पत्रकारिता गरेको अनुभव पनि छ । गिरी अर्थ सवाल मिडिया प्रा.लि, अर्थ सवाल साप्ताहिक का कानुनी सल्लाहकार हुन गिरीले पत्रकार महासंघको बिबिन्न तहमा नेतृत्वदायि भूमिका निर्बाह गरेर काम गरेको अनुभव पनि छ ।

धितोपत्र ब्रोकर्श एशोसिएसन नेपालका नबनिर्बाचित सदस्य बिष्णु गिरीले, कोरिया जापान थाइल्याण्ड कम्बोडिया, बङलादेश, भारत, चिन लगायत एक दर्जन भन्दा बढी देशको भ्रमण गरेका छन् । सदस्य गिरीले राष्ट्रिय नागरिक सम्मान २०७६, बिशेष नागरिक सम्मान २०७९ लगायतका दजनौ सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । उनी नेपाली उपभोक्ता संरक्षण महासंघका केन्द्रीय सदस्य समेत हुन् ।


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश



कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

# लोक कल्याणकारी...

मुलुकलाई समानतामा आधारित लोककल्याणकारी उन्नत लोकतान्त्रिक देश बनाउनु छ। यसमा सच्चा लोकतन्त्रवादीले उदार मनले गरिबको कल्याण हुने कार्यक्रम बनाउनै पर्दछ।

(४) सर्वकालिक होइन, जनताप्रति वफादार आवधिक नेतृत्व आवश्यक

लोकतन्त्रमा जनताभन्दा शक्तिशाली अरू कोही हुँदैन। तर यहाँ त दलका शीर्ष नेताहरूको सिन्डिकेट नै सर्वशक्तिमान् भइदिंदा जनतामा लोकतन्त्रको मर्म विपरीतको भावना पैदा हुन थालेको छ। जनताले चाहेको, सोचेको लोकतन्त्र र नेताले भोगेको लोकतन्त्रमा ठूलो अन्तर देखिन थालेको छ। जनताको काम सरकारी अड्डाबाट सहज र सरल ढङ्गमा हुँदैन। घुस नखुवाई जनताको काम नबन्ने व्यवस्था त लोकतन्त्र हुनै सक्दैन। लोकतन्त्रमा त जनताले सास्ती, हैरानी पाउनै हुँदैन।

यो जनताले ल्याएको जनताको व्यवस्था हो। यो कुनै राजा-महाराजा वा कुनै निरंकुश, अधिनायकवादी शासकको मर्जीको व्यवस्था होइन। त्यसैले जनतालाई रैती सम्झिएर शासन चलाउन खोज्नेको राजनैतिक अन्त्य लोकतन्त्रमा चाँडै हुन्छ। लोकतन्त्रमा जनतालाई लामो समय झुक्याउन सकिन्न, किनकि यहाँ हरेक पाँच-पाँच वर्षमा आवधिक निर्वाचन हुने गर्दछ।

(५) पटक-पटकको अवसरमा बन्देज आवश्यक

राजनैतिक पार्टी सत्ता र शासकीय सत्तामा एकै व्यक्ति वा परिवार बारम्बार दोहोरिएर टाँसिइरहने प्रवृत्तिले लोकतन्त्रको सुन्दरतामा धब्बा लागेको छ। एक व्यक्ति, एक पद र एक पटकको स्वेच्छिक नीति लागू गरेमा धेरै समस्याको हल हुने देखिन्छ।

चुनावमा उम्मेदवार हुँदा नै म एक पटकको लागि मात्र यो पदको उम्मेदवार हो भन्ने स्वेच्छिक कबुलियतनामा गराउने हो भने जनताले पटक-पटक पदमा जान चाहनेहरूलाई पहिलो पटकमै चुनावको मैदानमै ठेगान लगाइदिने थिए। राष्ट्रिय आवश्यकताका आधारमा कोही कतै एकाध व्यक्तिहरू दोहोरिन पनि सक्छन्। यसका लागि स्वेच्छिक एकपटक र अनिवार्य चाहिं दुई पटकभन्दा बढी एउटै पदमा उम्मेदवार हुन नपाउने प्रावधान संविधानमै व्यवस्था गरिनुपर्दछ। त्यसो भयो भने राजनीतिलाई कमाइखाने भाँडो बनाउने र भ्रष्टीकरण गराउनेहरू व्यापार व्यवसाय गरेर वैधानिक तवरमै धनआर्जन गर्ने बाटोतिर लाग्नेछन्। यो संसदीय राजनीतिमा मात्र होइन, सामाजिक संघ-संस्थादेखि राजनैतिक दलहरूका सबै तह र निकायमा लागू हुनुपर्दछ। यसो हुनसकेमा मात्र विधिको शासनको सही पालना र कार्यान्वयन हुनेछ।

जनताबाट चुनाव जितेर गएका प्रतिनिधि सभाका विधायकले विधि-विधान बनाउने, ऐन, कानुन, नीति, नियम तर्जुमा गर्ने काममा लाग्नुपर्दछ। प्रधानमन्त्री चुनिसकेपछि मन्त्रिमण्डलचाहिं सांसद भन्दा बाहिरबाट विषयका विज्ञहरूबाट छानेर गठन गर्ने परिपाटीको नीतिगत व्यवस्था गर्न सकेको खण्डमा सांसद बन्नका लागि करोडौं-करोड खर्च गर्न इच्छुकहरू त्यो पैसालाई उद्योग-व्यापार-व्यवसायतर्फ लगानी गर्न आकर्षित हुनेछन्। र पैसा नहुने गरिबहरूको पनि संसदीय राजनीतिमा सहज प्रवेश हुनेथियो। नत्र त खर्चिलो चुनाव आर्थिक रूपमा कमजोरहरूका लागि पहुँचभन्दा बाहिरको विषय हुँदै आएकै छ।

संसदीय फाँटका तीनवटै तहको सरकारका सबै निकायमा एक पदमा दुईपटक भन्दा बढी जिते पनि, हारे पनि उम्मेदवार हुन नपाउने अनिवार्य व्यवस्था गर्ने हो भने राजनीतिमा एकाधिकार जमाएर बसेका मठाधीशहरू स्वतः पलायन भएर जानेथिए र त्यो स्थानमा नयाँ अनुहारले मौका पाउने थिए। नत्र युवा वर्गको राजनीतिप्रति जुन अरुचि बढ्दो छ, त्यो वितृष्णामा बदलिन सक्छ।

(६) व्यवस्था भन्दा अवस्थाप्रतिको असन्तुष्टि

अहिले युवा वर्गको राजनीति र देशबाटै जुन पलायन छ, त्यो व्यवस्थाप्रतिको वितृष्णा भन्दा अवस्थाप्रतिको असन्तुष्टि हो। केही पूर्वपञ्च र राप्रपाका मान्छेहरूले जात र धर्मका आधारमा नेपालीहरूमा विखण्डन ल्याउन खोजे पनि आजको देश-विदेश बुझेका सूचना र प्रविधिमा पहुँच भएका युवा वर्गले लोकतन्त्रको विकल्प तानाशाही, निरंकुश अधिनायकवाद रोज्दैनन्, खोज्दैनन्। उनीहरू योभन्दा उन्नत लोककल्याणकारी राज्य व्यवस्था भएको लोकतन्त्रको खोजीमा भौंतारिएका छन्।

पश्चिमा लोकतान्त्रिक देशको जस्तो स्वतन्त्रता र सुविधा यहीं पाउने हो भने कोही पनि नेपाली आमाको न्यानो काख छोडेर लालाबालालाई रुवाउँदै परदेशिन चाहँदैन। परदेश गएकाहरू पनि एकदलीय अधिनायकवादी कम्युनिस्ट शासन भएका मुलुक वा तानाशाही अधिनायकवादी देशहरूमा गइरहेका छैनन्। लोकतान्त्रिक अर्को देशमै आफ्नो भाग्य र भविष्य खोजिरहेछन् युवाहरू। त्यसैले युवाले लोकतान्त्रिक व्यवस्था नरुचाएको होइन, लोकतन्त्रको मर्म अनुसार चल्न नसकेको देशको वर्तमान अवस्था भने नरुचाएकै हुन्। अनि यी बुढा नेताले यहाँभन्दा अघि देशलाई लैजान सक्दैनन् भन्ने आम नेपालीको स्पष्ट ठम्याइ बाहिरिइसक्यो।

परिवर्तनका लागि फासिस्ट पञ्चायती व्यवस्था र राजाहरूसँग जे-जति संघर्ष गर्नुभयो त्यसका लागि धन्यवाद, अब पालो युवाको। युवालाई हरेक क्षेत्रमा अगाडि बढाएर आफू पछि बसेर मार्गनिर्देश गरेर देशको हितमा सोचिदिन ज्येष्ठ नेतृत्वलाई हार्दिक अनुरोध छ।

(७) गरिबलाई राहत र न्याय देऊ

किसान, मजदुर लगायत गरिखाने श्रमजीवी वर्गलाई राज्यले विशेष सुविधाको व्यवस्था गर्नुपर्छ। गरिबीको रेखामुनिको जनसंख्यालाई विपन्नको कार्ड बनाएर सहकारी पसल मार्फत सहुलियतमा खाद्यान्न, लत्ताकपडा र दैनिक उपभोग्य सामग्री परिवार संख्याका आधारमा उपलब्ध गराउने व्यवस्था तत्काल लागू गर्नुपर्दछ। अहिले चिसो मौसम सकिएर गर्मी सुरु हुँदैछ। चिसो बढेसँगै गरिबको झुपडीमा जाडो भित्रिन्छ भने गर्मीमा मच्छड र पसिनाको खोलो। धनी, पूँजीपतिहरूकोमा त तातो चिसो दुवै बनाउने अनेक प्रकारका विद्युतीय उपकरणहरू हुन्छन्। गरिबको घरमा न्यानोका लागि दाउरा पनि हुँदैन भने चिसो भनेको रूखको सयल र माटोको घैलाको पानीकै भर त हो।

ओढ्ने-ओछ्याउने पनि पातलो, च्याङ्लो मात्र हुने भएकाले जाडोयाममा ठिही र शीतलहरका कारण गरिब परिवारका ज्येष्ठ नागरिक, बालबालिका मात्र होइन वस्यकहरू पनि अति प्रभावित हुने गरेका छन् भने गर्मीमा पनि हप्याक, हप्याक भएर बस्नु परेको हुन्छ सुत्केरी र बालबालिकाले समेत बर्सेनि। कतिपय अवस्थामा त जाडोका कारण न्यानो लुगा र इन्धन, ऊर्जा नपाएर गरिबले प्राण त्याग गर्नु परेको छ भने गर्मीमा मच्छड र विषालु सर्पको टोकाइबाट कतिले अकालमै ज्यान गुमाउनु परिरहेको छ। विगत वर्षहरूमा त्यसैले तीन तहकै सरकारले विपन्नहरूका लागि जाडो गर्मीबाट बचाउन, आगो बाल्ने दाउरा, लगाउने, ओढ्ने, ओछ्याउने न्यानो कपडाका साथै पंखा, फ्रिज, झुल वितरणको प्रबन्ध बेलैमा गर्नुपर्दछ।

आर्थिक रूपमा विपन्न हुनु भनेको कुनै अपराध गरेको होइन। राज्य लोककल्याणकारी भएन, राज्य व्यवस्था समाजवादी भएन भने मानिसहरू गरिब हुन्छन्। शिक्षा, स्वास्थ्य र रोजगारीका प्रति राज्यले पूर्ण उत्तरदायित्व बहन गरेको अवस्थामा कोही पनि गरिब, भीखमाग्ने हुँदैन। सबैले पढ्न पाउँछन्, बिरामी हुँदा ओखतिमुलो पाउँछन् र रोजगारी गरेर खानेछन्। रोजगारी नपाए तिनको खाने-बस्नेको प्रबन्ध राज्यले नै गरिदिन्छ। त्यसैले लोकतान्त्रिक व्यवस्थालाई संसारकै उत्कृष्ट र सभ्य शासन प्रणाली भनिएको, मानिएको हो।

हामीकहाँ त लोकतन्त्र छ। लोकतन्त्रसँगै विकराल भोकतन्त्र पनि छ। लोकतन्त्रमा कोही युरोपियन स्तरमा त कोही संसारको सबैभन्दा गरिब ? यस्तो पनि विभेद हुनुहुन्छ त ? यस्तो दारुण चित्रले हाम्रो लोकतन्त्र, हाम्रो शासन प्रणालीलाई गिज्याउँदैन ? देशको नेतृत्व गर्ने र सरकारमा बसिसकेका दलका नेताहरूलाई लाज लाग्नुपर्ने हो।

धनी र गरिब त युरोप अमेरिकामा पनि होला। सबै समान आर्थिक हैसियतका पक्कै पनि छैनन्। तर त्यहाँ खान, लाउन नपाएर, औषधि-उपचार नपाएर, बास नपाएर कोही मर्दैन। राज्य आफ्ना नागरिकहरूप्रति उत्तरदायी हुन्छ। लोकतन्त्रमा राज्य सञ्चालकहरू देश र जनताप्रति उत्तरदायी, जवाफदेही हुनै पर्छ। नत्र त्यो लोकतन्त्र हुँदैन, होइन।

हामीकहाँ निरंकुश राजतन्त्र र फासिस्ट पञ्चायती व्यवस्थाले गरिबलाई झन् गरिब बनाएर उठिबास लगायो, बसाइँ हिंडायो। तर बहुदल प्राप्तिका तीन दशकसम्मा पनि गरिबी निवारण नहुनु र राज्य लोककल्याणकारी बन्न नसक्नुले लोकतन्त्रका प्रति जनतामा भरोसा कम हुँदै जान सक्छ। यसले देश र जनताको दुर्भाग्यका दिन निम्त्याउन सक्छ।

जनताका मनमा बढिरहेको निराशा, कुण्ठा, संशय र विपत्तिपनालाई बेलैमा सम्बोधन गर। त्यसभन्दा पहिला झुपडीका गरिबहरूलाई तीनै तहका सरकारले संयुक्त कार्ययोजना बनाएर जाडो, गर्मी, झरी, बादल, हावा, हुरीमा आवश्यक राहत सामग्री प्रदान गर। समस्यामा परेका आफ्ना नागरिकलाई राज्य छ, सरकार छ अनि लोकतन्त्र पनि रहेछ भन्ने अनुभूति दिलाऊ। लोककल्याणकारी राज्यमा जनता बेसहारा हुँदैनन्। सबको सहारा सरकार हुन्छ, त्यो नै लोकतन्त्र हो। (लेखक नेपाल पत्रकार महासंघ झापाका पूर्वअध्यक्ष हुन्।) अनलाइन खबरबाट

बेटाबेटी मे भेदभाव
नै करू, दोनोके
स्कूल भेजु।

# आर्थिक सहयोगको नाममा ठगी गर्ने पक्राउ



विराटनगर। मोरंगका सुन्दरहरैचा नगरपालिका-८ पानट्याङकी टोलमा बसोबास गर्ने आर्थिक रुपमा बिपन्न परिवारलाई आर्थिक प्रलोभनमा पारी ठगी गर्ने १ जना महिला सहित अनलाईन ठगी गर्ने ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मंगलवार सोहि स्थानमा बसोबास गर्ने मानिसहरुलाई सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-६ घर भई हाल काठमाण्डौ नयाँ बजार घर बताउने २३ बर्षीया सुनिता खत्रीले डब्लु बि.एस.सी कम्पनीबाट गरिब दुखी असायहरुलाई आर्थिक सहयोगको लागि आएको भनी प्रति व्यक्ति १ हजार, १५ सय र ५ सयका दरले रकम वितरण गर्दै उनीहरुको फोटो खिच्ने र नेपाली नागरिकताको फोटोकपी लिईरहेको थियो।

सोही सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले निजलाई नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिई सोधपुछ गर्ने क्रममा गाँउमा खिचेका ब्यक्तिहरुको फोटो र नेपाली नागरिकताको फोटोहरु बंगलादेशी नागरीक पल्लाबी ढाका बस्ने ४९ बर्षीय महमद खालिद हुसेन र बङलादेश सितागंज घर भई हाल काठमाण्डौ स्थित नयाँ बजारमा बस्दै आएका गार्मेन्टको काम गर्ने ३७ बर्षीय महमद तानबिर हुसेनलाई दिने गरेको खुलेको छ।

उक्त नागरिकता र फोटो प्रयोग गरी गैर कानुनी रुपमा ई-सेवा र खल्ती जस्ता खाताहरु खोली आर्थिक अपराध अनलाईन ठगी गर्ने गरेको अनुसन्धानको क्रममा खुल्न आएसगै खोजतालसमा खटिएका प्रहरी टोलीले ठगिमा संलग्न महमद हुसेन र महमद तानबिर हुसेनलाई सुन्दर हरैचा नगरपालिका-४ बलियाबाट पक्राउ गरेको थियो।

पक्राउ परेका उनिहरुको साथबाट प्रयोग नभएको एनसेल कम्पनीको सिमकार्ड, राहदानी, मोबाईल फोन, नगद र एटीएम कार्ड समेत प्रहरीले बरामद गरेको छ।

पक्राउ परेका उनिहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिईरहेको छ।

# लागुऔषध सहित पाँच पक्राउ

बिराटनगर। झापा, मोरङ र सुनसरी जिल्लाको छुट्टा छुट्टै स्थानबाट लागुऔषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मोरङको बिराटनगर महानगरपालिका १५ स्थित लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउदै गरेको पैदल यात्री बराह्रक्षेत्र नगरपालिका-६ सुनसरीका ३० बर्षीय बिजय कुमार राउतलाई लागुऔषध ब्राउनसुगर १६ ग्राम ८८ मिलिग्राम सहित शुक्रवार पक्राउ गरेको थियो।

त्यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिका-५ स्थितबाट नियन्त्रित औषधी ट्रमानिल र स्पास्मो गरी जम्मा ७०८ ट्याबलेट सहित बराहक्षेत्र-४ का २१ बर्षीय गोविन्द खत्रीलाई प्रहरी चौकी भरौलबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय अनारमनीबाट झापाको अर्जुनधारा नगरपालिका-६ स्थित खटिएको प्रहरी टोलीले लागुऔषध गाँजा ४ के.जि. ६५० ग्राम सहित ७४ बर्षीय भरोसी यादव, ३९ बर्षीय गोपाल यादव र कचनकवल- ७ का २७ बर्षीय अरबिन भट्टराईलाई पक्राउ गरेको थियो।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।

